प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गोदावरी, कैलाली

# सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७५।०८।१२ गतेको निर्णयबाट स्वीकृत

# सीमान्तकृतवर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रस्तावना : प्रदेश सरकारको आर्थिक वर्ष २०७५।७६को नीति तथा कार्यक्रमको बुँदा नं. १० मा नेपालको संविधानले अंगिकार गरेका विविधतामा एकता, सामाजिक, साँस्कृतिक ऐक्यवद्धता, आर्थिक, सामाजिक विकास, सीमान्तकृत, बञ्चितिकरणमा परेका, फरक क्षमता भएका, जेष्ठ नागरिक, मुक्त कमैया, वादी, राउटे, राजी, कमलरी आदिको सबै प्रकारका भेदभाव अन्त्य गरी सामाजिक न्याय तथा मानव अधिकारको संरक्षण सम्वर्द्धन सुनिश्चित गर्ने नीति, आर्थिक वर्ष २०७५।७६मा पशुतर्फ सीमान्तकृत वर्गलाई प्याकेज कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको हुँदा सिमान्कृत लक्षित वर्गलाई पशुपालनमा संलग्नता गराई कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न विनियोजित बजेटको बजेट शिर्षक नं.७०७३५३५१ खर्च शिर्षक नं. २२५२२ लाई कार्यान्वयन गर्ने प्रयोजनको लागि यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "सीमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(ख) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बुझ्नु पर्छ ।

(ख) "निर्देशनालय" भन्नाले पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय, दिपायल बुझ्नु पर्छ ।

(ग) "महाशाखा" भन्नाले मन्त्रालयको पशुपन्छि विकास महाशाखा बुझ्नु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश बुझ्नु पर्छ ।

(ङ) "मूल्याङ्कन समिति" भन्नाले सीमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रममा सिमान्तकृत वर्ग छनौट, मूल्याङ्कन, अनुगमन गर्न गठन गरिएको दफा (९) बमोजिमको समितिलाई बुझ्नु पर्छ ।

(च) "सीमान्तकृत वर्ग" भन्नाले यस कार्यविधिमा सीमान्तकृत समुदायका लक्षित वर्गहरु मध्ये दलित, जनजाती, वादी, राजी, राउटेलाई बुझ्नु पर्छ ।

३. उद्देश्य : यस सीमान्तकृत लक्षित पशुपालन कार्यक्रमका उद्देश्य देहाय बमोजिमका हुनेछन ।

(क) सीमान्तकृत समुदाय लक्षित पशुपालन कार्यक्रम संचालन गरी उनिहरुलाई पशुपालनका क्षेत्रमा सशक्तिकरण तथा मूल प्रवाहीकरण गर्ने ।

(ख) लक्षित वर्गको खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने ।

(ग) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्धारा जीविकोपार्जनमा सुधार ल्याउने ।

(घ) सीमान्तकृत समुदाय लक्षित कार्यक्रमलाई मितव्ययी प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्न ।

(ङ) सीमान्तकृत समुदायका लक्षित वर्गहरुलाई पशुपालनबाट रोजगारी सिर्जना गराउने ।



सचिव

## परिच्छेद २

## कार्यक्रमको क्षेत्र

४. **कार्यक्रमको विषयगत क्षेत्र** : (१) यो कार्यक्रम देहायका क्षेत्रमा संचालन हुनेछ ।

(क) बाख्रापालनः बैतडी जिल्ला र डडेल्धुरा जिल्लामा ।

(ख) बंगुरपालनः कैलाली जिल्ला र कन्चनपुर जिल्लामा ।

५. **कार्यक्रम संचालन प्रकृया** : (१) नेपाल सरकारबाट पहिचान तथा प्रमाणित भएका सीमान्तकृत वर्गहरुलाई प्रमाणको आधारमा कृषक छनौट गर्नेछ ।

(२) कार्यालयले स्थानिय पत्रपत्रिका र एफ.एम.रेडियोबाट अनुसूची-१ अनुसारको प्रस्ताव सम्वन्धी सूचना प्रवाह गर्नुपर्नेछ र सो सूचना कार्यालयमा र स्थानिय तहमा रहेका पशु सेवा शाखामा समेत टाँस गर्नुपर्नेछ ।

(३) छनौट भएका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाबाट अनुदान सहयोगका लागि सिमान्तकृत वर्ग कृषकले अनुसूची-२ अनुसारको निवेदन स्थानिय तहमा रहेका पशु सेवा शाखा मार्फत कार्यालयमा दिन सक्नेछन ।

(४) प्राप्त प्रस्तावहरुको छनौट कार्यालयले मूल्याङ्कन समिति समक्ष पेश गर्नेछ ।

(५) मूल्याङ्कन समितिबाट छनौट भई आएका प्रस्तावहरुमा कार्यालयले कार्यविधि अनुसार कार्यक्रम संचालन गर्नेछ ।

(६) कार्य सम्पादनको आधारमा एकै किस्तामा सम्वन्धि कार्यालयको आर्थिक प्रशासन हेर्ने १ जना प्रतिनिधि बाट छनौट भएका कृषकहरुलाई कार्यविधि अनुसार खोर निर्माण वा सुधार गर्न नगदै भूक्तानी दिने व्यवस्था मिलाईनेछ । खोर निर्माण वा सुधार भए पश्चात बाख्रा तथा बंगुर खरिद गर्न भूक्तानी दिने व्यवस्था मिलाईनेछ ।

(७) प्रजननका लागि उमेर पुगेको जिउदो तौल कम्तिमा १५ के.जि. भएको बाख्रा तथा बंगुर, उमेर र जात अनुसारको कम्तिमा ४५ दिनको हुनुपर्नेछ ।

सचिव

## परिच्छेद ३
## आर्थिक पक्ष

६. **आर्थिक सूचक** : सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम देहाय बमोजिमको हुनेछ ।

| क्र.सं. | कार्यक्रमको विवरण | संख्या | रु.हजार |
|---|---|---|---|
| १) | प्रति सीमान्तकृत लक्षित बाख्रापालक कृषक | | |
| क) | बाख्रा खरिदको लागि | २ | २० |
| ख) | खोर निर्माण वा सुधार | १ | १० |
| ग) | जम्मा १०० परिवारको लागि कुल रकम जम्मा | | ३००० |
| २) | प्रति सीमान्तकृत लक्षित बंगुरपालक कृषक | | |
| क) | बंगुर खरिदको लागि | २ | १० |
| ख) | खोर निर्माण वा सुधार | १ | २० |
| ग) | जम्मा १०० परिवारको लागि कुल रकम जम्मा | | ३००० |

७. **आर्थिक व्यवस्थापन**: कार्यक्रमको लेखा तथा लेखा परीक्षण लगायतका कार्यहरु प्रचलित कानून बमोजिम हुनेछ।

८. **अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्वन्धि व्यवस्था** : (१) यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र कार्यालयहरुले गर्नेछन ।

(२) कार्यालयले कार्यक्रमको मासिक प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ ।

(३) निर्देशनालयले मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

९. **छनौट तथा मूल्याङ्कन समित गठन**: (१) यस कार्यक्रमको छनौट तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क) भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख — संयोजक
(ख) निर्देशनालयको अधिकृत प्रतिनिधी — सदस्य
(ग) सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि — सदस्य
(घ) कृषि ज्ञान केन्द्रको अधिकृत प्रतिनिधि — सदस्य
(ङ) कार्यालयको सम्बन्धित विषय हेर्ने अधिकृत वा कार्यालयले तोकेको प्रतिनिधि — सदस्य सचिव

(२) छनौट सम्बन्धि अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **थपघट वा हेरफेर गर्न सक्ने** : यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तथा कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा प्रदेश सरकार (मन्त्रिपरिषद) ले आवश्यकता अनुसार यस कार्यविधि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

सचिव

अनुसूची – १

निवेदन आव्हानको सूचनाको ढाँचा

प्रदेश सरकार

सुदूर पश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...........

सुचना प्रकाशित मिति.......................

यस कार्यालयको आ.व. २०....../.......को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सिमान्तकृत समुदायका लक्षित वर्गहरुमध्ये दलित, जनजाती, वादी, राजी, राउटेलाई पशुपालन कार्यक्रम लक्ष्य रहेकोले ईच्छुक सम्वन्धित कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराम दरखास्त दिनुपर्नेछ ।पुनश्चः आवेदन साथ तपसिलका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सुचित गरिन्छ ।

तपसिल

१. अनुसूचि २ अनुसारको आवेदन फाराम

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३. नेपाल सरकारबाट प्रदान गरिएको सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत समुदायका लक्षित वर्ग दलित, जनजाती, वादी, राजी, राउटेको पहिचान खुलेको प्रमाण ।

सचिव

अनुसूची – २

सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान कार्यालय प्रमुखज्यू,
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
.......................

विषय : सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ..............को मिति..........मा प्रकाशित सुचना अनुसार मलाई पशुपालनमा सहयोग प्राप्त गरी......................कार्य गर्न तिव्र ईच्छा भएकोले तपसिल अनुसारका कागजात निवेदन साथ संलग्न राखी पेश गर्दछु ।मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धित जिल्ला भित्रै रही कार्य गर्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
२. नेपाल सरकारबाट प्रदान गरिएको सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत समुदायका लक्षित वर्ग दलित, जनजाती, वादी, राजी, राउटेको पहिचान खुलेको प्रमाण ।

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :
मिति:

सचिव
रविन्द्र बहादुर प्रधान